प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

## बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्याः २०७८/०७९
चलानी नं. ५८

मितिः २०७८/०४/२५

विषय : कृषि विकास निर्देशनालय बाट प्रकाशित सूचनाको जानकारी सम्वन्धमा ।

कृषि ज्ञान केन्द्र धादिङ
दर्ता नं : 30
मिति : ०७८।४।२५

श्री कृषि ज्ञान केन्द्र, चितवन,
श्री कृषि ज्ञान केन्द्र, धादिङ्ग,
श्री कृषि ज्ञान केन्द्र, नुवाकोट,
श्री कृषि ज्ञान केन्द्र, ललितपुर,
श्री कृषि ज्ञान केन्द्र, काभ्रे,
श्री कृषि ज्ञान केन्द्र, सामेछाप,
श्री कृषि ज्ञान केन्द्र, सिन्धुली ।

उपरोक्त सम्वन्धमा यही मिति २०७८/०४/२४ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित यसै पत्र साथ संलग्न कृषि विकास निर्देशनालयको अन्तरगत आ.ब. २०७८/७९ मा स्विकृत वार्षिक कार्यक्रमहरु फेब्रिकेटेड कोल्ड च्याम्बर निर्माण कार्यक्रम , फलफूल प्रसोधन केन्द्र स्थापना (किवि-१, जुनार-१) कार्यक्रम, वाझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम, लिफ्ट सिंचाइ कार्यक्रम निर्माण तथा सञ्चालन कार्यक्रमहरुमा सहभागी हुन आह्वान गरिएको सूचना तहाँ कार्यालयका सेवा ग्राहि साथै सर्वसाधरण जनता समक्ष सहज रुपमा पुर्याउनको लागि प्रचार प्रसार गरी तथा तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सहयोग गरिदिनु हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

रविन्द्र वहादुर प्रधान
प्रमुख

श्री प्रशासन
सूचना पाटीमा टाँस गरी
गाउँपालिकाको
२०७८/०४/२५

गाउँ कार्यपालिकाको कार्यालय
धादिङ
दर्ता नं. : २२४
दर्ता मिति : २०७८।०४।२५

बागमती प्रदेश,
हेटौंडा, मकवानपुर

# कृषि विकास कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०७८/०४/२४**

कृषि विकास निर्देशनालयको आ.व. २०७८/७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु सञ्चालनको लागि यस सूचना प्रकाशन गरिएकाले सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति: २०७८/०५/२१ गते) भित्र स्विकृत कार्यविधि अनुसार आवश्यक कागजात सहित कृषि विकास निर्देशनालय/सम्बन्धित कृषि ज्ञान केन्द्रमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

## १. फेब्रिकेटेड कोल्ड च्याम्बर निर्माण कार्यक्रम

यस कार्यक्रम अन्तर्गत ५०% लागत साझेदारीमा "फेब्रिकेटेड कोल्ड च्याम्बर निर्माण" गर्ने लक्ष्य रहेको हुँदा इच्छुक कृषक समूह, कृषि सहकारी, नीजि क्षेत्र वा स्थानीय तहले "कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७६" बमोजिम रितपूर्वक निम्नानुसारका आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नु हुन।

- ✓ कार्यविधिको अनुसूची -२ अनुसारको आवेदन (फेब्रिकेटेड कोल्ड च्याम्बरको क्षमता स्पष्ट उल्लेख गरिएको) तथा माग गरिएका कागजपत्रहरु, अनुसूची -३ अनुसारको व्यवसायिक प्रस्ताव, अनुसूची -४ अनुसारको प्रतिवद्धता पत्र,
- ✓ फेब्रिकेटेड कोल्ड च्याम्बर निर्माण गरिने स्थान तयार गर्ने तथा थ्रिफेजको बिजुली व्यवस्था प्रदान गर्ने प्रतिवद्धता,
- ✓ साझेदारको बैंक खातामा कुल प्रस्ताव रकमको ५०% रकम मौज्दात रहेको प्रमाण,

❖ लक्ष्य संख्या: ३०, बजेट रकम रु.३,००,००,०००।०० (अक्षरुपी तिन करोड रुपैया मात्र)

## २. फलफुल प्रसोधन केन्द्र स्थापना (किवि-१, जुनार-१) कार्यक्रम

यस कार्यक्रम अन्तर्गत ५०% लागत साझेदारीमा "फलफूल प्रसोधन केन्द्र (किवि-१, जुनार-१)" स्थापना गर्ने लक्ष्य रहेको हुँदा इच्छुक कृषक समूह वा कृषि सहकारीले "एकीकृत फलफूल प्रशोधन केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७३" अनुसार रितपूर्वक आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नु हुन।

❖ लक्ष्य संख्या: २, बजेट रकम रु.५०,००,०००।०० (अक्षरुपी पचास लाख रुपैया मात्र)

## ३. बाझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम

यस कार्यक्रममा समावेश हुन ईच्छुक कृषक, निजी फर्म, कृषक समुह वा कृषि सहकारीले "बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि २०७७" अनुसार रितपूर्वक आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नु हुन।

❖ लक्ष्य रोपनी: ५०००, बजेट रकम रु.१,००,००,०००।०० (अक्षरुपी एक करोड रुपैया मात्र)

## ४. लिफ्ट सिंचाइ कार्यक्रम निर्माण तथा सञ्चालन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत "गत वर्ष देखि संचालित मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रमको निरन्तरता तथा नयाँ लिफ्ट सिंचाईहरुको निर्माण" गर्ने लक्ष्य रहेको हुँदा ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि फार्म, कम्पनी वा स्थानीय उपभोक्ता समितिले "मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम संचालन कार्यविधि २०७६" अनुसार रितपूर्वक आवश्यक कागजात तथा जग्गाको (आफ्नै वा लिजमा) लालपुर्जाको प्रतिलिपि सहित प्रस्ताव पेश गर्नु हुन। लिफ्ट सिंचाई कार्यक्रममा लाग्ने साझेदारी ५% रकम कार्यक्रममा छनौट भएको अवस्थामा कृषि विकास निर्देशनालयको धरौटी खातामा जम्मा गर्नु पर्ने छ ।

❖ लक्ष्य संख्या: ५०, बजेट रकम रु.१०,००,००,०००।०० (अक्षरुपी दश करोड रुपैया मात्र)

नोट: आवेदकले निवेदनको साथमा हाल सम्म अनुदान लिएको वा नलिएको स्वघोषणाको पत्र

Scanned with CamScanner